# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ३२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### स्वास्थ्य सेवाको गठन, संचालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्वास्थ्य सेवा जनसाधारणको लागि अत्यावश्यक सेवा भएकोले यस सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र जनउत्तरदायी

९२६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाउन स्वास्थ्य सेवाको गठन, संचालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल स्वास्थ्य सेवा ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ महाराजाधिराज सरकारबाट लालमोहर सदर बक्स भएको मितिले एकान्नब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "स्वास्थ्य सेवा" भन्नाले दफा ३ बमोजिम गठन गरिएको नेपाल स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले स्वास्थ्य सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ग) "एकिकृत चिकित्सा अधिकृत" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथीमा स्नातकोपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा नाम दर्ता भई स्वास्थ्य सेवामा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदा आयुर्वेद चिकित्सा परिषद् गठन नभइसकेको भए गठन भएपछि नाम दर्ता हुने व्यक्तिलाई समेत जनाउँछ ।

92 68



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "अख्तियारवाला" भन्नाले दफा ११ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ङ) "परिवार" भन्नाले कर्मचारीसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा संम्झनु पर्छ र सो शब्दले पुरुष कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

(च) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(छ) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारी सम्झनु पर्छ।

(ज) "स्थायी पद" भन्नाले निवृत्तभरण पाउने र म्याद नतोकिएको स्वास्थ्य सेवाको पद सम्झनु पर्छ।

(झ) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष किसिमको योग्यता चाहिने पद सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले श्री ५ को सरकारको स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – २
## स्वास्थ्य सेवाको गठन

३. स्वास्थ्य सेवाको गठन : नेपाल स्वास्थ्य सेवा नामको एक सेवा गठन गरिएकोछ ।

४. तह : स्वास्थ्य सेवामा देहाय बमोजिमका तहहरु रहनेछन् :-

| अधिकृत तह | सहायक तह |
|---|---|
| बाह्रौं | पाँचौं |
| एघारौं | चौथो |
| दशौं | तेस्रो |
| नवौं | दोस्रो |
| आठौं | पहिलो |
| सातौं | |
| छैठौं | |

५. सेवाका पदहरु : (१) स्वास्थ्य सेवाका विभिन्न तहहरुमा विशेषज्ञ पद लगायत प्राविधिक पदहरु रहनेछन् । त्यस्ता पदहरुको पद नामहरु तोकिए बमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले स्वास्थ्य सेवाको प्रत्येक तहको पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

६. स्वास्थ्य सेवा अन्तर्गत रहने चिकित्सा प्रणालीहरु : (१) स्वास्थ्य सेवा अन्तर्गत देहायका चिकित्सा प्रणालीहरु रहनेछन् :-

(क) एलोप्याथी चिकित्सा प्रणाली,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयुर्वेद चिकित्सा प्रणाली,

(ग) होमियोप्याथी चिकित्सा प्रणाली ।

(२) उपदफा (१) मा उल्लेख भएका चिकित्सा प्रणाली बाहेक श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्य चिकित्सा प्रणाली तोक्न सक्नेछ ।

७. समूह तथा उपसमूहहरु : (१) स्वास्थ्य सेवामा तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूहहरु रहनेछन् ।

(२) स्वास्थ्य सेवाका समूह तथा उपसमूहहरुमा रहने विभिन्न तहका पदहरुको लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ३
## स्वास्थ्य सेवाको पदपूर्ति

८. स्वास्थ्य सेवाको पदपूर्ति : (१) स्वास्थ्य सेवाको देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

| पद | खुल्ला | बढुवा | |
|---|---|---|---|
| | प्रतियोगिताद्वारा | कार्यक्षमताको मूल्यांकनद्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) सहायक पहिलो तहको पदमा | १००% | X | X |
| (ख) सहायक दोस्रो तहको पदमा | ५०% | ५०% | X |
| (ग) सहायक तेस्रो तहको पदमा | १००% | X | X |
| (घ) सहायक चौथो तहको पदमा | ५०% | ५०% | X |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| (ङ) | सहायक पाँचौ तहको पदमा | ५०% | ४०% | १०% |
| (च) | अधिकृत छैठौं तहको पदमा | ६५% | X | ३५% |
| (छ) | अधिकृत सातौं तहको पदमा | २०% | ५०% | ३०% |
| (ज) | अधिकृत आठौं तहको पदमा | १०% | ८०% | १०% |
| (झ) | अधिकृत नवौं तहको पदमा | १०% | ७०% | २०% |
| (ञ) | अधिकृत दशौं तहको पदमा | १०% | ७०% | २०% |
| (ट) | अधिकृत एघारौं तहको पदमा | X | १००% | X |
| (ठ) | अधिकृत बाह्रौं तहको पदमा | X | १००% | X |

(२) मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज, एकीकृत चिकित्सा अधिकृत र सो सरहका अन्य चिकित्सक पदमा शुरु नियुक्ति गर्दा अधिकृत सातौ तहको पदमा नियुक्ति गरिनेछ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदहरु मध्ये १५% पद एक तह मुनिको पदमा पन्ध्र वर्ष सेवा अवधि पुगेका र तोकिएको शैक्षिक योग्यता वा तालिम प्राप्त गरेका कर्मचारीहरु मध्येबाट अन्तर्वार्ताको माध्यमद्वारा लोक सेवा आयोगले छनौट गरी पदपूर्ति गर्नेछ। शैक्षिक योग्यता वा तालिम र अन्तर्वार्ताको अंकभार लोक सेवा आयोगले तोके बमोजिम हुनेछ।

९२६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज, एकीकृत चिकित्सा अधिकृत र सो सरहका अन्य चिकित्सक अधिकृतको पद शत प्रतिशत खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

९. स्तर वृद्धि (अपग्रेड) : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत छैठौं तहका कर्मचारी र अधिकृत सातौं तहका मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज, एकीकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत पदमा नियुक्त भई पदस्थापन भएका कर्मचारीहरुले क्रमशः अधिकृत सातौं र आठौं तहको पदको लागि आवश्यक तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त गरेका र कम्तीमा एक वर्ष अति दुर्गम र एक वर्ष दुर्गम क्षेत्रमा काम गरी दुई वर्षको कार्य सम्पादन मूल्यांकनमा कम्तीमा उत्तम अंक प्राप्त गरेका कर्मचारीहरुलाई क्रमशः सातौं र आठौं तहको पदमा स्तर वृद्धि (अपग्रेड) गरिनेछ।

(२) दफा १० बमोजिम तह मिलान भई कायम हुन आएका कर्मचारीहरु माथिल्लो तहको पदमा स्तर वृद्धि हुन वा बढुवा हुन यस ऐनमा तोकिएका अन्य व्यवस्थाहरुको अधीनमा रही कम्तीमा एक वर्ष अति दुर्गम वा दुर्गम क्षेत्रमा रही काम गर्नुपर्नेछ।

(३) यो ऐन लागू हुनु अघि साविक राजपत्रांकित तृतीय श्रेणीको मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज र एकिकृत चिकित्सा अधिकृतको पदमा पाँच वर्ष भन्दा बढी बहाल रहेको व्यक्ति दफा १० बमोजिम तह मिलान भई कायम हुन आएको सातौं तहको पदमा कम्तीमा १ (एक) वर्ष काठमाडौं उपत्यका बाहिरको क्षेत्रमा रही काम गरेपछि मात्र आठौं तहको पदमा स्तर वृद्धि गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने : खुल्ला प्रतियोगिता वा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसको आधारमा नियुक्ति गरिनेछ ।

११. स्वास्थ्य सेवाको पदमा नियुक्ति : (१) स्वास्थ्य सेवाको अधिकृत तहको पदमा श्री ५ को सरकारले नियुक्ति गर्नेछ र त्यस्तो नियुक्तिको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(२) स्वास्थ्य सेवाको सहायक तहको पदमा विभागीय प्रमुखले नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतका कार्यालयका सहायक पहिलो तहदेखि पाँचौं तहसम्मको पदमा नियुक्ति गर्न सक्नेछ ।

१२. नियुक्तिका लागि अयोग्यता : देहायका व्यक्तिहरु स्वास्थ्य सेवाको पदमा नियुक्ति हुन सक्ने छैनन् :-

(क) सहायक तहको पदमा अठार वर्ष उमेर पूरा नभएका,

(ख) अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा नभएका,

(ग) पैंतालिस वर्ष उमेर पूरा भैसकेका,

तर स्वास्थ्य सेवाका बहालवाला स्थायी कर्मचारी र स्वास्थ्य सेवाको पदमा नियमानुसार नियुक्ति भई अविच्छिन्न रुपमा पाँच वर्ष सेवा अवधि पूरा गरेका बहालवाला



९२८०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अस्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन ।

(घ) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नामदर्ता नभएका र नामदर्ता नवीकरण नभएका,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिएका,

(च) गैर नेपाली नागरिक,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

१३. <u>अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था</u> : (१) स्वास्थ्य सेवाको कुनै पनि रिक्त स्थायी पदमा लोक सेवा आयोगको परामर्श नलिई छ महिना भन्दा बढी अवधिको लागि अस्थायी नियुक्ति गर्न पाइने छैन ।

तर स्थायी पूर्तिका लागि माग भएका पदमा लोक सेवा आयोगबाट स्थायी पदपूर्तिको लागि सिफारिस भै नआएसम्म लोक सेवा आयोगको परामर्श लिई अस्थायी नियुक्तिको म्याद बढीमा दुई वर्ष सम्मको लागि तोकिए बमोजिम थप गर्न सकिनेछ ।

(२) स्वास्थ्य सेवाको पदमा अस्थायी नियुक्ति गर्दा लोक सेवा आयोगबाट निर्धारण गरे बमोजिमको प्रकृया पूरा गरेर मात्र नियुक्ति गर्नुपर्नेछ ।

१४. <u>पदाधिकार कायम रहने</u> : देहायको अवस्थामा कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) त्यस पदमा कामकाज गरिरहँदा सम्म ।

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्याद सम्म ।

(ग) बिदा स्वीकृत गराई बसेको बखत ।

(घ) निलम्बन रहेको बखत ।

(ङ) श्री ५ को सरकारद्वारा सरकारी वा गैर सरकारी काममा खटाइएका बखत वा कुनै अन्य पदमा कायम मुकायम भई काम गरेको बखत ।

१५. कायम मुकायम : (१) स्वास्थ्य सेवाको रिक्त वा पदाधिकार रहेको कुनै विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा मात्र बढीमा एक वर्ष सम्मको लागि त्यस्तो रिक्त वा पदाधिकार रहेको पदभन्दा एक तह मुनीको सम्बन्धित समूह, उपसमूहका कर्मचारीलाई तोकिएको आधारमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रिक्त पदको स्थायी पूर्तिका लागि लोक सेवा आयोगमा प्रत्येक वर्ष आषाढ मसान्त र पौष मसान्तभित्र माग पठाइसक्नु पर्छ र त्यसरी माग पठाइएकोमा लोक सेवा आयोगबाट स्थायी पूर्तिका निमित्त सिफारिस भई नआएसम्मको लागि लोक सेवा आयोगको परामर्शमा सो पदमा कायम मुकायमको अवधि बढीमा एक वर्षको लागि थप गर्न सकिनेछ ।

१६. शपथ ग्रहण गर्ने : पहिलो पटक नियुक्ति भै आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक कर्मचारीले तोकिए बमोजिमको शपथ ग्रहण गर्नु पर्नेछ ।

१२८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणिंत गरिएपछि मात्र लागु हुनेछ।

१७. पदस्थापन : (१) चिकित्सकहरुलाई शुरु नियुक्ति गर्दा पहिलो ६ महिनाको लागि अञ्चल वा क्षेत्रीय अस्पतालहरुमा र बाँकी ६ महिना केन्द्रका अस्पतालहरुमा तोकिए बमोजिम पदस्थापन गरिनेछ र अन्य कर्मचारीहरुको हकमा तोकिए बमोजिम हुनेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "चिकित्सक" भन्नाले मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज, एकिकृत चिकित्सा अधिकृत र सो सरहका अन्य चिकित्सा अधिकृत सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम चिकित्सकहरुलाई पदस्थापन गर्दा उनीहरुलाई स्वास्थ्य सम्बन्धी आधारभूत विषयको अनुभव दिलाउने गरी विषयगत आधारमा विभिन्न विषयका अस्पतालहरुमा चक्र प्रणालीका आधारमा गरिनेछ।

(३) उपदफा (१) बमोजिम पदस्थापन गर्दा सम्बन्धित कर्मचारीको शैक्षिक योग्यता, तालिम तथा अनुभव समेतलाई आधार मानिनेछ।

१८. परीक्षण काल : स्वास्थ्य सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा एक वर्षको परीक्षण कालमा रहने गरी गरिनेछ। परीक्षण कालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ। यसरी नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षण काल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

तर एक पटक स्वास्थ्य सेवाको स्थायी पदमा परीक्षण काल भुक्तान गरिसकेको कर्मचारीलाई पुनः परीक्षण कालमा राखिनेछैन।

१९. अधिकृत बाह्रौं तहको कर्मचारीको पदावधि : बाह्रौं तहको कर्मचारीको पदावधि पाँच वर्षको हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – ४
## सरुवा, काज र बढुवा

२०. सरुवा गर्ने र काजमा खटाउने अधिकार : सरुवा गर्ने र काजमा खटाउने आदेश दिने अधिकार अधिकृत तहको कर्मचारीको हकमा श्री ५ को सरकार र सहायक तहको कर्मचारीको हकमा अख्तियारवालालाई हुनेछ ।

२१. सरुवा गर्ने आधार : (१) कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी अति दुर्गम, दुर्गम र सुगम क्षेत्रमा सरुवा गरिनेछ ।

(२) भौगोलिक दृष्टिले अति दुर्गम, दुर्गम र सुगम क्षेत्रको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम सरुवा गर्दा सम्बन्धित कर्मचारीको शैक्षिक योग्यता, तालिम र अनुभवको आधारमा देहाय बमोजिम सरुवा गरिनेछ :–

(क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज, एकीकृत चिकित्सा अधिकृत र सो सरहका अन्य चिकित्सा अधिकृतलाई अञ्चल वा क्षेत्रीय अस्पतालमा ६ महिना र बाँकी ६ महिना केन्द्रका अस्पतालहरूमा तोकिए बमोजिम काम गरेपछि र अन्य कर्मचारीको हकमा शुरु पदस्थापन भएको स्थानमा २३३ दिन रुजु हाजिर रही काम गरेपछि अति दुर्गम स्थानमा पठाउने गरी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिमको स्थानमा २३३ दिन रुजु हाजिर रही काम गरिसकेपछि दुर्गम स्थानमा पठाउने गरी ।

(ग) खण्ड (ख) बमोजिमको स्थानमा ४६६ दिन रुजु हाजिर रही काम गरिसकेपछि सुगम स्थानमा पठाउने गरी ।

(घ) खण्ड (ग) बमोजिमको स्थानमा ४६६ दिन रुजु हाजिर रही काम गरिसकेपछि त्यस्ता कर्मचारीको बढुवा नभए सम्म क्रमशः दुर्गम र सुगम स्थानमा पठाउने गरी ।

(ङ) बढुवा पाएको कर्मचारीलाई बढुवा पदस्थापन गर्दा साविकमा दुर्गम स्थानमा कार्यरत रहेको भए सुगम स्थानमा र सुगम स्थानमा कार्यरत रहेको भए दुर्गम स्थानमा पठाउने गरी ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायक पहिलो तहदेखि सहायक चौथो तह सम्मका कर्मचारीहरुलाई संभव भएसम्म कर्मचारीको घर पायक पर्ने गरी स्थानीय स्तरका कार्यालयहरुमा सरुवा गरिनेछ ।

(५) तालिम, सेमिनार, गोष्ठी आदिमा काज खटाइएकोमा बाहेक तीस दिन भन्दा बढी कुनै कर्मचारीलाई काज खटाउन सकिने छैन । सो भन्दा बढी अवधिको लागि काज खटाइएमा त्यस्तो बढी अवधि खटाइएको काज अवधिको तलब र भत्ता पाउने भए भत्ता समेत त्यसरी काज खटाउने अधिकारीले पाउने तलब भत्ताबाट कट्टा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपदफा ३ को खण्ड (क) र (ख) बमोजिम अति दुर्गम र दुर्गम क्षेत्रमा काज खटिएका कर्मचारी उपदफा (५) बमोजिम तालिम, सेमिनार, गोष्ठी वा अन्यत्र काज खटिएमा त्यसरी काज खटिएको अवधिभर त्यस्तो कर्मचारीले अति दुर्गम र दुर्गम क्षेत्रमा काम गरेको मानिने छैन।

२२. <u>अवधि पूरा नहुँदै सरुवा गर्न सकिने</u> : कुनै स्थानमा कार्यरत कर्मचारी शारीरिक रुपमा अशक्त भै सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा श्री ५ को सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो कर्मचारीलाई दफा २१ को उपदफा (३) मा तोकिएको अवधि पूरा नहुँदै सरुवा गर्न सकिनेछ।

२३. <u>सरुवा सम्बन्धी अन्य व्यवस्था</u> : सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. <u>बढुवा</u> : स्वास्थ्य सेवाको अधिकृत तहको पदमा बढुवा गर्दा दफा २५ बमोजिम गठित बढुवा समितिको सिफारिसमा गरिनेछ।

२५. <u>बढुवा समिति</u> : (१) स्वास्थ्य सेवाको अधिकृत तहको पदमा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

(ख) लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेवा आयोगको सदस्य - सदस्य

(ग) मुख्य सचिव - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) लोक सेवा आयोगद्वारा मनोनीत सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(ङ) स्वास्थ्य मन्त्रालयको सचिव - सदस्य-सचिव

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्रौं तहको पदमा बढुवा गर्न बढुवा समितिले उपलब्ध भएसम्म रिक्त पदको कम्तीमा पचास प्रतिशत थप उम्मेदवारलाई कार्य सम्पादन क्षमताको आधारमा सिफारिस गर्नेछ र त्यसरी सिफारिस गरिएका उम्मेदवारहरुमध्येबाट श्री ५ को सरकारले जेष्ठता र कार्य कुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ ।

(३) स्वास्थ्य सेवाको सहायक तहको पदमा बढुवाको लागि सिफारिस गर्न तोकिएको बढुवा समिति रहनेछ ।

(४) बढुवा समितिले कर्मचारीहरुको बढुवाको सिफारिस गर्न अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) बढुवा समितिको बैठक प्रत्येक ६ महिनामा बस्नेछ र बढुवाको विज्ञापन भएको मितिले तीन महिनाभित्र बढुवाको सिफारिस गरी सक्नु पर्नेछ ।

२६ <u>बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि, शैक्षिक योग्यता र तालिम</u> : बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदमा देहाय बमोजिमको सेवा अवधि र तोकिए बमोजिमको शैक्षिक योग्यता वा तालिम प्राप्त गरेको हुनु पर्नेछ :-

(क) सहायक दोस्रो, तेस्रो र चौथो तहका लागि दुई वर्ष,

(ख) सहायक पाँचौं तहको लागि तीन वर्ष,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अधिकृत छैठौंदेखि अधिकृत एघारौं तह सम्मका लागि तीन वर्ष,

(घ) अधिकृत बाह्रौं तहका लागि पाँच वर्ष ।

२७. <u>बढुवाको लागि संभाव्य उम्मेदवार हुन नपाउने</u> : दफा २६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर कर्मचारी बढुवाको लागि संभाव्य उम्मेदवार हुन पाउने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर ,

(ग) तलब वृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) दफा २१ को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम सरुवा गरिएको स्थानमा सोही खण्डमा उल्लेख भएको अवधिसम्म काम नगरेका,

तर स्थानीय स्तरमा समूह, उपसमूहसंग मिल्दो पद दरबन्दी तथा कार्यालय नभएका कर्मचारी तथा दफा २२ बमोजिम अवधि पूरा नहुँदै सरुवा भएका कर्मचारीको हकमा यो खण्ड लागू हुने छैन ।

(ङ) प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट नाम दर्ता निलम्बन भएको कर्मचारी त्यस्तो निलम्बनको अवधिभर ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै कर्मचारी बढुवाको सूचना प्रकाशन भइसकेपछि खण्ड (क) र (ङ) बमोजिम निलम्बन भएमा वा खण्ड (ख) वा (ग) बमोजिम बढुवा रोक्का वा तलब वृद्धि रोक्का भएमा त्यस्तो अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरिनेछ र सो अवधि समाप्त भएपछि मात्र निजलाई बढुवा दिई जेष्ठता कायम गरिनेछ।

२८. कार्य सम्पादनको मूल्यांकन : कर्मचारीको कार्य सम्पादनको मूल्यांकन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मूल्यांकन फाराम प्रयोग गरिनेछ।

२९. बढुवाको आधार : (१) बढुवा समितिले कर्मचारीलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्यक्षमताको आधारमा गर्नेछ।

(२) कर्मचारीको कार्यक्षमताको मूल्यांकन गर्दा देहाय बमोजिम बढीमा १०० अंक दिइनेछ :-

(क) कार्य सम्पादन मूल्यांकन बापत ४० अंक

(ख) जेष्ठता बापत २० अंक

(ग) भौगोलिक क्षेत्रमा काम गरे बापत २५ अंक

(घ) शैक्षिक योग्यता र तालिम बापत १५ अंक

(३) उपदफा (२) बमोजिमको अंकको विभाजन तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिम कार्य सम्पादन मूल्यांकन बापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशत भन्दा बढी वा ७५ प्रतिशतभन्दा कम अंक प्रदान गरेकोमा सो को स्पष्ट कारण खुलाउनु पर्छ र. ७५ प्रतिशत भन्दा कम अंक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिकृया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ । कार्य सम्पादन मूल्यांकनमा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको सो मूल्यांकन चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्यांकन कर्ताले पुनः मूल्यांकन गरी वा पहिले गरेको मूल्यांकनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पैंतीस दिनभित्र लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ । यसरी परेको उजुरीको साठी दिनभित्र टुंगो लगाइनेछ ।

(६) उपदफा (५) बमोजिम उजुरीको टुंगो लगाउँदा जानी जानी त्रुटीपूर्ण मूल्यांकन गरेको देखिएमा लोक सेवा आयोगले सम्बन्धित कर्मचारीलाई चेतावनी दिन सक्नेछ ।

३०. <u>बढुवाको शर्तमा परिवर्तन</u> : दफा २६, २७, २८ र २९ वा सो अन्तर्गत बनेका नियमहरुमा कुनै संशोधन गर्दा त्यस्तो संशोधन भएको एक वर्ष पछिको मितिदेखि मात्र लागू हुने गरी व्यवस्था गरिनेछ ।

३१. <u>समूह वा उप-समूह परिवर्तन</u> : (१) श्री ५ को सरकारले आवश्यक ठानेमा कुनै कर्मचारीलाई स्वास्थ्य सेवाको एक समूह वा उपसमूहबाट अर्को समूह वा उपसमूहमा लोक सेवा आयोगको परामर्श लिई तोकिएको आधारमा समूह वा उपसमूह परिवर्तन गर्न सक्नेछ ।

१२३०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारले स्वास्थ्य सेवामा बहाल रहेको कुनै व्यक्तिलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो व्यक्ति अध्ययन पूरा गरेर सेवामा हाजिर भएपछि निजको विशेष योग्यता अनुसारको सम्बन्धित समूह वा उपसमूहमा परिवर्तन गरिदिनु पर्नेछ ।

## परिच्छेद - ५
## अध्ययन र तालिममा मनोनयन सम्बन्धी व्यवस्था

३२. अध्ययन, तालिम वा अध्ययन भ्रमणको निमित्त मनोनयनका आधारहरु : अध्ययन, तालिम वा अध्ययन भ्रमणका निमित्त कर्मचारीलाई मनोनयन गर्दा मन्त्रालयले स्वास्थ्य सेवाको समूह वा उपसमूह भित्रका मन्त्रालय र अन्तरगतका कर्मचारीहरु मध्येबाट देहायको आधारमा मनोनयन गरिनेछ :-

(क) अध्ययन, तालिम वा अध्ययन भ्रमणको विषय सम्बन्धित कर्मचारी कार्यरत रहेको समूह वा उपसमूहको निमित्त उपयोगी र आवश्यक भएको ।

(ख) अध्ययन, तालिम वा अध्ययन भ्रमणको लागि प्राप्त छात्रवृत्तिमा मनोनयनको लागि तोकिएको आवश्यकतालाई प्राथमिकता दिई दफा २९ बमोजिम शैक्षिक योग्यता, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव र कार्य सम्पादनको मूल्यांकन बापत बढी अंक पाउने कर्मचारी मध्ये प्राथमिकताको आधारमा ।

(ग) स्नातक, स्नातकोत्तर वा कुनै शैक्षिक उपाधिको अध्ययनको हकमा पैंतालीस वर्ष उमेर ननाघेको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको निमित्त,-

(१) "अध्ययन" भन्नाले स्वास्थ्य सेवाको समूह, उपसमूहसंग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययनलाई जनाउँछ ।

(२) "तालिम " भन्नाले स्नातक, स्नातकोत्तर वा कुनै शैक्षिक उपाधि प्रदान गरिने बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा संचालन हुने शीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रमलाई जनाउँछ ।

(३) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम बाहेक ६ हप्तामा नबढ्ने गरी आयोजना हुने गोष्ठी, सेमिनार वा अवलोकन भ्रमणलाई जनाउँछ ।

३३. मनोनयन गर्दा प्राथमिकता दिनु पर्ने : विदेशमा अध्ययन, तालिम वा अध्ययन भ्रमणको निमित्त कर्मचारीको मनोनयन गर्दा सामान्यतया: पहिले वैदेशिक अध्ययन गर्ने, तालिम लिने वा अध्ययन भ्रमण गर्ने मौका नपाएको कर्मचारीलाई दफा ३२ को अधीनमा रही देहाय बमोजिम प्राथमिकता को आधारमा मनोनयन गरिनेछ । तर एउटै स्तर र प्रकृतिको कार्यक्रममा दोहोऱ्याएर मनोनयन गरिनेछैन :-

(क) अध्ययनमा सहायक पाँचौं तह, अधिकृत छैठौं, सातौं र आठौं तहका कर्मचारीलाई,

(ख) तालिममा अधिकृत नवौं तह र सो भन्दा मुनिका तहका कर्मचारीलाई,

(ग) अध्ययन भ्रमणमा साधारणतया पूर्व



९२३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्धारित कार्यक्रम अनुसार कार्यालय प्रमुख, अधिकृत दशौं तह र सो भन्दा माथिल्लो तहका कर्मचारीलाई ।

३४. मनोनयनको लागि अयोग्य : (१) देहायका कर्मचारी अध्ययन वा तालिमको निमित्त मनोनयन हुन योग्य हुने छैनन् :-

(क) दफा २७ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार नभएका,

(ख) हाल बहाल रहिरहेको तहमा कम्तीमा एक एक वर्ष अति दुर्गम र दुर्गम क्षेत्रमा गै काम नगरेका,

तर नितान्त प्राविधिक तथा विशेषज्ञ प्रकृतिको नब्बे दिन भन्दा कम अवधिको तालिममा मनोनयन गर्दा यस दफा बमोजिमको अयोग्यता लागू हुनेछैन ।

(२) मन्त्रालयको पूर्व स्वीकृति बिना अध्ययनमा जानेको हकमा श्री ५ को सरकारबाट छात्रवृत्ति उपलब्ध गराइनेछैन ।

३५. अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधि : श्री ५ को सरकारबाट मनोनयन भई अध्ययन गर्ने, तालिम लिने वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि देहाय बमोजिमको अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ :-

| | अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|---|
| (क) | तीन महिनासम्म | एक वर्ष |



९२५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ख) | तीन महिनादेखि छ महिनासम्म | डेढ वर्ष |
| (ग) | छ महिनादेखि नौ महिनासम्म | दुई वर्ष |
| (घ) | नौ महिनादेखि एक वर्षसम्म | तीन वर्ष |
| (ङ) | एक वर्षदेखि दुई वर्षसम्म | चार वर्ष |
| (च) | दुई वर्षदेखि तीन वर्षसम्म | पाँच वर्ष |
| (छ) | तीन वर्षदेखि चार वर्षसम्म | सात वर्ष |
| (ज) | चार वर्षदेखि पाँच वर्षसम्म | आठ वर्ष |
| (झ) | पाँच वर्षदेखि छ वर्षसम्म | नौ वर्ष |

३६. कबुलियत गर्नु पर्ने : (१) कुनै पनि कर्मचारीले अध्ययन, तालिम लिन वा अध्ययन भ्रमण गर्न जानु भन्दा अघि त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरी फर्केर आई दफा ३५ बमोजिमको सेवा गर्ने समेत कबुलियत गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गर्नु पर्ने कबुलियतको ढाँचा तोकिए बमोजिमको हुनेछ।

(३) कुनै पनि कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरी वा नगरी सेवा गर्न नआएमा वा दफा ३५ बमोजिम गर्नु पर्ने सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन, तालिम वा अध्ययन भ्रमण अवधिभर निजले पाएको तलब भत्ता तथा कबुलियतमा उल्लेख भएका रकमको दोब्बर रकम असुल गरी निज उपर विभागीय कार्यवाही गरिनेछ।

१२३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ६
## तलब भत्ता, दशैं खर्च तथा अन्य सुविधा

३७. तलब भत्ता : (१) कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ।

(२) कर्मचारीले स्वास्थ्य सेवामा रही काम गरे बापत पाउने तलब भत्ता श्री ५ को सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ।

(३) दफा ३९ वा ७३ मा उल्लिखित अवस्थामा बाहेक प्रत्येक कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि निजको शुरु स्केलको एक दिनको तलब बराबरको तलब वृद्धि पाउनेछ। रोक्का भएको तलब वृद्धि फुकुवा भएकोमा सो तलब वृद्धि कुन मितिदेखि पाउने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई राख्नु पर्नेछ।

३८. पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउने : (१) कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ।

(२) कुनै कर्मचारीले पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत निज जुनसुकै व्यहोराबाट सेवामा नरहेमा पनि पाउनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक कुनै कर्मचारीको तलब कट्टा गरिने छैन।

(४) कुनै कर्मचारीले पाउने तलब सो कर्मचारी काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. कार्य दक्षता सीमा पार गर्ने : कुनै कर्मचारी कार्य दक्षता सीमा पार गर्नको निमित्त योग्य छ भनी अधिकृत कर्मचारीको हकमा मन्त्रालयको सचिव र सहायक कर्मचारीको हकमा अख्तियारवालाले लिखित रुपमा नजनाएसम्म कुनै कर्मचारीले कार्य दक्षता सीमा पार गरेको मानिनेछैन ।

४०. निलम्बन भएमा पाउने तलब : (१) कुनै कर्मचारी सरकारी कामको सम्बन्धमा वा श्री ५ को सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर लागेको आरोप प्रमाणित नभई निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ । कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(२) कुनै कर्मचारी उपदफा (१) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्बन रहेको अवधिको तलब पाउने छैन ।

४१. कर्मचारी संचयकोषमा रकम जम्मा गरिदिने : कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा श्री ५ को सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी संचयकोषमा जम्मा गरिदिनेछ ।

४२. दशैं खर्च तथा अन्य सुविधा : (१) कर्मचारीले खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउनेछ ।

(२) कर्मचारीले पाउने उपचार खर्च, स्वास्थ्य सेवा उपलब्ध गराउने सिलसिलामा पर्न जाने शारीरिक हानी नोक्सानी



१२८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बापत पाउने क्षतिपूर्ति, अशक्त वृत्ति, अंगभंग भए बापत पाउने सुविधा, असाधारण पारिवारिक निवृत्तभरण तथा उपदान, शैक्षिक भत्ता, सन्तती वृत्ति वा स्वास्थ्य सेवाको जिम्मेवारीको प्रकृतिलाई विचार गरी विशेष सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. बिमा सम्बन्धी व्यवस्था : स्वास्थ्य सेवाका कर्मचारीहरुको बिमा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. असमर्थ कर्मचारीको सम्बन्धमा विशेष व्यवस्था : कुनै कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी श्री ५ को सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा श्री ५ को सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

## परिच्छेद – ७
## अवकाश, उपदान र निवृत्तभरण

४५. अनिवार्य अवकाश : (१) साठी वर्ष उमेर पूरा भएको वा दफा १९ बमोजिमको पदावधि पूरा भएको कर्मचारीले सेवाबाट स्वतः अवकाश पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारलाई विशेषज्ञ सेवा अत्यावश्यक भएमा साठी वर्ष पूरा भई अवकाश हुने कर्मचारीलाई बढीमा तीन वर्षको अवधि थप्न सक्नेछ ।

(३) यो ऐन लागू हुनु अघि निजामती सेवा ऐन, २०४९ बमोजिम तीस वर्ष सेवा अवधि पुगी म्याद थप भई हाल यो ऐन बमोजिम बहाल रहेका कर्मचारीहरु पनि साठी वर्ष उमेर पूरा नहुन्जेलसम्म स्वास्थ्य सेवामा बहाल रहन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस दफाको प्रयोजनकोलागि कर्मचारीको उमेर देहाय बमोजिम गणना गरिनेछ :-

(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर,

(ख) खण्ड (क) बमोजिमको अभिलेख नभएमा निजले सेवामा प्रवेश गर्दा वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिदिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेर ।

४६. स्वैच्छिक अवकाश : बीस वर्ष सेवा अवधि पूरा गरी सकेका कर्मचारीले श्री ५ को सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लेखित शर्तमा स्वैच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वैच्छिक अवकाश लिने कर्मचारीलाई साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

४७. उपदान : (१) पाँच वर्ष वा सो भन्दा बढी स्वास्थ्य सेवामा बहाल गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म स्वास्थ्य सेवामा बहाल गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब ।

१२९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म स्वास्थ्य सेवामा बहाल गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब

(ग) पन्ध्र बर्ष भन्दा बढी बीस वर्ष भन्दा कम स्वास्थ्य सेवामा बहाल गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सेवामा बहाल रहने वा सो सेवा पाउने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो कर्मचारीलाई उपदान दिइने छैन र प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

४८. <u>निवृत्तभरण</u> : (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म स्वास्थ्य सेवामा बहाल गरेको कर्मचारीले देहाय बमोजिमको हिसाबले मासिक निवृत्तभरण पाउनेछ :-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

तर -

(१) भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिएको कर्मचारीले यस दफा बमोजिम निवृत्तभरण पाउनेछैन ।

(२) स्वास्थ्य सेवामा बहाल रहने वा सो सेवा पाउने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाटेको प्रमाणित हुन आएमा त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीलाई निवृत्तभरण दिइने छैन र प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको सुरु अंकको आधा भन्दा कम हुनेछैन।

(३) निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल स्वास्थ्य सेवामा बहाल भई हाल यस ऐन बमोजिमको स्वास्थ्य सेवामा परिवर्तन भएको कर्मचारीले दफा १९ बमोजिम पदावधि पूरा भई अवकाश प्राप्त गरेमा त्यस्तो कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ।

(४) कुनै सरकारी पदमा अघि गरेको सेवा बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि स्वास्थ्य सेवाको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ।

४९. निवृत्तभरणमा वृद्धि : बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अंकमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त कर्मचारीहरुको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

५०. पारिवारिक निवृत्तभरण र उपदान : (१) कुनै कर्मचारीको सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई दफा ४७ वा ४८ मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्ष भन्दा बढी समय प्राप्त हुने छैन। निवृत्तभरण पाउन थालेको सात

9300



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्ष नपुग्दैमा मृत्यु भएको कर्मचारीको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(३) कर्मचारीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ।

(४) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अंकमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२) र (३) अनुसार पारिवारिक निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(५) कुनै कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरु मध्ये यस ऐन बमोजिमको निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(६) निवृत्तभरण वा उपदान दिंदा मृत कर्मचारीले आफ्नो परिवारको सदस्य मध्येमा वा आफ्नो नाबालक भाइ वा अविवाहिता दिदी बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा वा कसैलाई पनि नइच्छाएको भएमा सो कर्मचारीको परिवारको सदस्य मध्ये नजिकको हकदारलाई दिइनेछ।

५१. तलबको उल्लेख : (१) यस परिच्छेद र परिच्छेद-६ मा जहाँ जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित कर्मचारीको तत्कालको तलब रकम (तलब वृद्धि समेत) लाई जनाउनेछ।

(२) दफा ४७ र ४८ को प्रयोजनकोलागि "आखिरी तलब" भन्नाले सम्बन्धित कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै कर्मचारी असाधारण बिदा वा निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

## परिच्छेद - ८
## आचरण

५२. समय पालन र नियमितता : कर्मचारीले श्री ५ को सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्दछ र सकेसम्म पहिलें बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन।

५३. अनुशासन र आज्ञापालन : (१) कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालन गर्नु पर्दछ।

(२) कर्मचारीले सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएका आज्ञालाई शीघ्रताका साथ पूरा गर्नु पर्नेछ।

(३) कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदर देखाउनु पर्नेछ र आफू मुनिका कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४. राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने : कुनै पनि कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारी माथि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

५५. राजनीतिमा भाग लिन नहुने : कर्मचारीले कुनै राजनैतिक संगठन वा दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न वक्तव्य दिन वा भाषण गरी राजनीतिमा भाग लिन हुँदैन ।

५६. सरकारको आलोचना गर्न नहुने : (१) श्री ५ को सरकारको नीतिको विपरीत हुने गरी वा श्री ५ को सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र श्री ५ को सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

५७. सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध : कुनै पनि कर्मचारीले श्री ५ को सरकारद्वारा अख्तियार नपाई आफूले सरकारी कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसकै कारणबाट सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध : (१) सेवा सम्बन्धी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि कर्मचारीले श्री ५ को सरकारको पूर्वस्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिन हुँदैन ।

(२) कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले श्री ५ को सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्छ ।

५९. कम्पनीको स्थापना र संचालन, व्यापार व्यवसाय तथा निजी प्राक्टिस गर्न नहुने : (१) कर्मचारीले श्री ५ को सरकारको पूर्वस्वीकृति नलिई देहायको काम गर्नु हुदैन :-

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा संचालनको काममा भाग लिन वा स्वास्थ्य क्लिनिक वा निजी अस्पताल वा नर्सिङ्ग होम खोल्न, संचालन गर्न, वा त्यस्तो स्वास्थ्य क्लिनिक वा निजी अस्पतालमा काम गर्न,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले श्री ५ को सरकारको नीति विपरीत नहुने र आफूलाई तोकिएको काममा बाधा नपर्ने गरी साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्य गर्न वा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ ।

9304



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०. निर्वाचनमा भाग लिन नहुने : कर्मचारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुँदैन ।

तर प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

६१. प्रदर्शन र हडताल गर्न प्रतिबन्ध : कर्मचारीले नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी, विभिन्न जात, जाती, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरु बीच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी वा आफ्नो काम कर्तव्य पालन गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

६२. हडताल, थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्ध : कर्मचारीले कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

६३. लापरबाही वा बद्नियतले काम गर्न नहुने : कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा बिरामीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा बिरामीको जिउज्यानमा हानी नोक्सानी पुग्न सक्ने गरी लापरवाही वा बदनियतले काम गर्न हुँदैन ।

६४. प्रतिनिधित्व गर्नमा प्रतिबन्ध : कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारबाट मान्यता प्राप्त कर्मचारीहरुको पेशागत संस्थाको तर्फबाट गरिने प्रतिनिधित्व र कर्मचारीको पदीय दायित्वको आधारमा गर्नुपर्ने कुनै कार्य गर्नमा यस ऐनले बाधा पुऱ्याएको मानिनेछैन ।

६५. संस्थाको सदस्यता : (१) कुनै पनि कर्मचारीले श्री ५ को सरकारको पूर्वस्वीकृति लिई प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत संस्था बाहेक अन्य कुनै पनि प्रकारको संस्थाको सदस्य बन्नु हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले प्रचलित कानून र श्री ५ को सरकारको नीतिको विपरीत नहुने गरी आफ्नो पेशागत र अन्य सामाजिक संस्थाको सदस्य बन्न यस दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

६६. सम्पत्ति विवरण : कर्मचारीले आफ्नो सम्पत्तिको विवरण दिनु पर्नेछ र त्यसरी दिइएको विवरण झुठ्ठा ठहरिएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

६७. आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नु पर्ने : प्रत्येक कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालन गर्नु पर्नेछ ।

६८. चेतावनी दिन सक्ने : कुनै कर्मचारीले कार्यालय समय पालन नगरेमा, सरकारी काम सम्बन्धी कुरामा आफू भन्दा माथिको कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा आफूलाई सुम्पिएको जिम्मेवारी अनुसारको काममा लापरबाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ९
## सेवाको सुरक्षा

६९. कर्मचारीको सेवाको सुरक्षा : देहायका कर्मचारी बाहेक अन्य कुनै पनि कर्मचारीलाई सफाईको सबूद दिने मनासिब माफिकको मौका नदिई सेवाबाट हटाइने वा बर्खास्त गरिनेछैन :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) म्यादी पदमा बहाल रहेको,

(ग) भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(घ) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट नामदर्ता खारेज भएको ।

७०. कर्मचारीको बचाउ : (१) कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुर्‍याई मुद्दा चल्न सक्नेछैन ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारी उपर मुद्दा चलाउनको लागि श्री ५ को सरकार वादी हुने मुद्दाको हकमा महान्यायाधिवक्ताको र अन्य मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम भएको हुनु पर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा बादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित कर्मचारीलाई बुझाएको वा

९३०८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुलाकद्वारा रजिष्टरी गरी पठाएको र त्यसको एक प्रति नक्कल श्री ५ को सरकारमा पेश भएको ।

(ख) मुद्दा चलाउने कारण भएको आठ महिनाभित्र मुद्दा दायर गरिसकेको ।

तर लापरवाही वा बदनियतले कुनै कर्मचारीले गरेको कामको परिणाम स्वरुप कसैलाई शारीरिक हानी नोक्सानी पुग्न गएमा त्यस्तो कर्मचारी उपर प्रचलित कानून बमोजिम मुद्दा चलाई क्षतिपूर्ति दाबी गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) कुनै कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि उपदफा (२) बमोजिम स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्नेछैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन श्री ५ को सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा श्री ५ को सरकारले गर्नेछ ।

७१. सेवा शर्तको सुरक्षा : कुनै पनि कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन । पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै कर्मचारीको उपर्युक्त सेवाका शर्तहरुमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभै त्यस्तो व्यवस्था निजको हकमा लागू हुनेछैन ।

१३०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - १०
## सजाय र पुनरावेदन

७२. सजाय : उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ :-

(क) सामान्य सजाय :

(१) बढीमा दुई तलब वृद्धि रोक्का गर्ने ।

(२) बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

७३. तलब वृद्धि वा बढुवा रोक्ने : देहायको कुनै अवस्थामा कर्मचारीको तलब वृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ :-

(क) काम सन्तोषजनक नभएमा,

(ख) दफा ६८ बमोजिम पटक पटक चेतावनी पाएमा,

(ग) सरुवा गरिएको कार्यालयमा म्यादभित्र हाजिर नभएमा,

(घ) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अनुशासनहीन काम गरेमा,

(च) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियममा उल्लेखित आचरण सम्बन्धी कुरा उल्लंघन गरेमा,

(छ) दफा ९४ बमोजिम बरबुझारथ नगरेमा ।

७४. सेवाबाट हटाउने वा बर्खास्त गर्ने : (१) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) लापरवाही वा बदनियतले काम गरेमा,

(ख) कर्मचारीले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा ।

(ग) आचरण सम्बन्धी कुरा बराबर उल्लंघन गरेमा ।

(घ) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा ।

(ङ) बराबर अनुशासनहीन काम गरेमा ।

(च) राजनीतिमा भाग लिएमा ।

(छ) दफा ५३ बमोजिमको अनुशासनपालन र आज्ञापालन नगरेमा ।

(ज) बिदा स्वीकृत नगराई लगातार साठी दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(झ) दफा ३५ बमोजिम निर्धारित अवधिभर सेवा नगरेमा ।

१२९०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा ।

(ख) भ्रष्टाचार गरेमा ।

७५ विभागीय सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी : (१) कर्मचारीलाई सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी कर्मचारीलाई सजाय दिने अधिकारी र दफा ७२ को खण्ड (ख) बमोजिमको सजाय बाहेक अन्य सजायको आदेश उपरको पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

७६ विशेष सजायको आदेश उपर पुनरावेदन : (१) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दफा ७२ को खण्ड (ख) को उपखण्ड (१) वा (२) बमोजिम दिएको विशेष सजायको आदेश उपर त्यस्तो कर्मचारीले निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) बमोजिम गठन भएको प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) कुनै कर्मचारीको सम्बन्धमा यस दफा बमोजिम पुनरावेदनको अन्तिम किनारा लागेपछि त्यसको परिणाम स्वरुप निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र निज उपस्थित हुन नआएमा निजको नोकरी गमिनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) पुनरावेदकले चाहेमा आफै वा वारिसद्वारा तारिखमा बस्न र कानून व्यवसायीद्वारा बहस पैरवी गराउन सक्नेछ ।

७७ विभागीय सजाय दिने र पुनरावेदन सुन्ने अधिकार सुम्पन सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ७५ बमोजिम सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ र त्यसरी सुम्पिएको अधिकार प्रयोग गरी सजायको आदेश दिने अधिकारीले दिएको दफा ७२ को खण्ड (ख) बमोजिमको सजाय बाहेक अन्य सजायको आदेश उपर पुनरावेदन सुन्ने अधिकारी पनि सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

७८. निलम्बन गर्ने : (१) कुनै कर्मचारीको सम्बन्धमा दफा ७४ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुट्ठा सबूत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धका सबूत प्रमाण गायब गर्नसक्ने सम्भावना देखिएमा , वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा ।

९२९२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कर्मचारीलाई स्वास्थ्य सेवाबाट हटाउने वा बर्खास्त गर्ने अभियोगको सूचना दिनुको साथै निजलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन समेत गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई निलम्बन गर्दा साधारणतः दुई महिना भन्दा बढी गर्नु हुँदैन। सो अवधि भित्रै कर्मचारी उपर गरिएको कारबाहीको किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भै निलम्बनको अवधि बढाउनु परेमा अख्तियारवालाको पूर्वस्वीकृति लिई एक महिनासम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको कर्मचारी त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

७९. <u>निलम्बनको समाप्ति</u> : कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा निजको निलम्बन समाप्त हुनेछ।

८०. <u>सफाई पेश गर्ने मौका दिनु पर्ने</u> : (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ। यसरी मौका दिंदा निज माथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। त्यस्तोमा सम्बन्धित कर्मचारीले म्यादभित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ।

(२) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा स्वयं वा कुनै अन्य अधिकृतद्वारा जाँचबुझ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउन सक्नेछ । त्यस्तो जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ ।

८१. विशेष सजायको आदेश दिनु भन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्ने : विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दफा ८० बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

८२. लोक सेवा आयोगको परामर्श लिनु पर्ने : विभागीय सजायको कारबाहीको सिलसिलामा सम्बन्धित कर्मचारीले दफा ८० बमोजिम दिएको सफाई वा दफा ८१ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

८३. विभागीय कारबाहीको सम्बन्धमा लोक सेवा आयोगको परामर्श लिंदाको कार्यविधि : (१) कुनै कर्मचारीलाई विभागीय सजाय गर्ने सम्बन्धमा दफा ८२ बमोजिम लोक सेवा आयोगको परामर्शको निमित्त लेखी पठाउँदा के कस्तो कसूर गरे बापत त्यस्तो विभागीय सजाय गर्न लागिएको हो सो सम्बन्धी सबै कागजात र सम्बन्धित कर्मचारीको तर्फबाट कुनै स्पष्टीकरण पेश गरिएको भए सो समेत लोक सेवा आयोगमा पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको कागजातको अतिरिक्त सो कर्मचारी सम्बन्धी अन्य कुनै विवरणको आवश्यकता परेमा लोक सेवा आयोगले सम्बन्धित अधिकारीसंग

१३९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माग गर्न सक्नेछ र त्यसरी लोक सेवा आयोगबाट माग भएको विवरण उपलब्ध गराउनु सो अधिकारीको कर्तव्य हुनेछ ।

८४. सेवामा बहाल नरहने : (१) देहायका कर्मचारीहरु देहायको अवस्थामा सेवामा बहाल रहनेछैनन् :–

(क) म्यादी पदमा बहाल रहेकोमा त्यस्तो पदको म्याद समाप्त भएमा,

(ख) भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएमा,

(ग) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट नाम दर्ता खारेज भएमा ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा उल्लेखित अवस्था परी कुनै कर्मचारी सेवामा बहाल नरहेको जानकारी अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई दिनु पर्नेछ ।

८५. निर्णयमा असर नपर्ने : कुनै कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरु बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कारबाहीमा तात्त्विक असर नपर्ने सानो तिनो त्रुटीबाट निर्णयमा असर पर्नेछैन ।

## परिच्छेद –११
## विविध

८६. कर्मचारीले पाउने बिदा : कर्मचारीहरुले देहायका बिदाहरु तोकिए बमोजिम पाउनेछन् :–

(क) भैपरी आउने र पर्व बिदा

(ख) घर बिदा

9392



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बिरामी बिदा

(घ) प्रसूती बिदा

(ङ) किरिया बिदा

(च) अध्ययन बिदा

(छ) असाधारण बिदा

(ज) सट्टा बिदा

(झ) अतिरिक्त सेवा बिदा ।

८७. पुरस्कार : (१) कर्मचारी बहाल रहिरहेको तह भन्दा एक तह माथिको तहमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम सेवा अवधिसम्म लगातार यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको कार्य सम्पादन मूल्यांकन फाराममा अति उत्तम अकं पाई बढुवामा स्थान पाउन नसकेको कर्मचारीलाई पुरस्कार स्वरुप पाँच तलब वृद्धि थप दिइनेछ । यस्तो पुरस्कारको रकम सम्बन्धित विभागीय प्रमुखबाट निर्णय गराई प्रशंसा पत्र सहित दिइनेछ ।

(२) उपदफा (१) बमोजिम थप भएको तलब वृद्धि जोड्दा सम्बन्धित कर्मचारीको अन्तिम तलबमान नाघ्ने भएमा त्यसरी नाघेको तलब वृद्धिको रकम निजले पाउने मासिक तलबमा थप गरी दिइनेछ ।

८८. व्यवस्थापन परीक्षण : लोक सेवा आयोगको कार्य क्षेत्र भित्रका विषयहरु बाहेक सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य मन्त्रालयको विभिन्न निकायहरुमा कार्यरत कर्मचारीले यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरु तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्यांकन गरी निर्देशन दिने र त्यसरी सुपरिवेक्षण

१३९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दा कुनै कर्मचारी उपर विभागीय कारबाही गर्नु पर्ने देखिएमा सो समेतको सिफारिस गर्न सक्नेछ र सो को वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्नेछ।

८९. सेवा परिवर्तन हुने : यो ऐन लागू हुनु अघि निजामती सेवा ऐन, २०४९ र सो अर्न्तगत बनेका नियमहरु बमोजिम नेपाल स्वास्थ्य सेवाको समूह वा उपसमूहमा बहाल रहेका सबै कर्मचारी यो ऐन अनुसार गठित नेपाल स्वास्थ्य सेवाको तत् तत् समूह र उपसमूहमा स्वतः परिवर्तन भई बहाल रहेको मानिनेछ।

९०. श्रेणी र तह मिलान : दफा ८९ बमोजिम निजामती सेवाको स्थायी सेवाबाट यस ऐन बमोजिम गठित नेपाल स्वास्थ्य सेवामा परिवर्तन भई आउने देहायका श्रेणीका कर्मचारीहरु देहाय बमोजिमको तहमा मिलान हुनेछन् :-

(क) राजपत्र अनंकित

| | |
|---|---|
| (१) दुई वर्ष भन्दा कम सेवा अवधि भएका चतुर्थ श्रेणी | - सहायक पहिलो तह |
| (२) दुई वर्ष सेवा अवधि पूरा भएका चतुर्थ श्रेणी | - सहायक दोस्रो तह |
| (३) दुई वर्ष भन्दा कम सेवा अवधि भएका तृतीय श्रेणी | - सहायक दोस्रो तह |
| (४) दुई वर्ष सेवा अवधि पूरा भएका तृतीय श्रेणी | - सहायक तेस्रो तह |
| (५) तीन वर्ष भन्दा कम सेवा अवधि भएका द्वितीय श्रेणी | - सहायक चौथो तह |
| (६) तीन वर्ष सेवा अवधि पूरा भएका द्वितीय श्रेणी | - सहायक पाँचौं तह |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) तीन वर्ष भन्दा कम सेवा अवधि भएका प्रथम श्रेणी – सहायक पाँचौं तह

(८) तीन वर्ष सेवा अवधि पूरा भएका प्रथम श्रेणी – बरिष्ठ पाँचौं तह

(ख) राजपत्रांकित अधिकृत

(१) मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज, एकीकृत चिकित्सा अधिकृत बाहेक पाँच वर्ष भन्दा कम सेवा अवधि भएका तृतीय श्रेणी – अधिकृत छैठौं तह

(२) मेडिकल अधिकृत, डेण्टल अधिकृत, अधिकृत कविराज एकीकृत चिकित्सा अधिकृत र पाँच वर्ष सेवा अवधि पूरा भएका तृतीय श्रेणी – अधिकृत सातौं तह

(३) पाँच वर्ष भन्दा कम सेवा अवधि भएका द्वितीय श्रेणी – अधिकृत आठौं तह

(४) पाँच वर्ष सेवा अवधि पूरा भएका द्वितीय श्रेणी – अधिकृत नवौं तह

(५) पाँच वर्ष भन्दा कम सेवा अवधि भएका प्रथम श्रेणी – अधिकृत दशौं तह

(६) पाँच वर्ष सेवा अवधि पूरा भएका प्रथम श्रेणी – अधिकृत एघारौं तह

(७) विशिष्ट श्रेणी – अधिकृत बाह्रौं तह



१३१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९१. नोकरी अवधिको गणना : यस ऐनको प्रयोजनको लागि कर्मचारीको नोकरी अवधिको गणना गर्दा यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवा ऐन, २०४९ अनुसारको नेपाल स्वास्थ्य सेवामा स्थायी रुपमा बहाल रहेको कर्मचारीको सबै अवधि यस ऐन अनुसार गठन भएको स्वास्थ्य सेवामा गणना गरिनेछ।

९२. स्वास्थ्य सेवामा पुनः कायम भएमा तलब र भत्ता पाउने : (१) कुनै कर्मचारीलाई स्वास्थ्य सेवाबाट अवकाश दिने, हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश अदालतबाट रद्द भई निज स्वास्थ्य सेवामा पुनः कायम भएमा त्यस्तो कर्मचारीले स्वास्थ्य सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि स्वास्थ्य सेवामा पुनः कायम भएको मितिसम्मको तलब, भत्ता र तलब वृद्धि (ग्रेड) पाउने भएमा सो समेत पाउनेछ।

(२) यो ऐन लागू हुनु अघि निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा सेवामा पुनः कायम भएमा त्यस्तो कर्मचारीले पनि उपदफा (१) बमोजिम तलब, भत्ता र तलब वृद्धि पाउनेछ।

९३. अधिकार प्रत्यायोजन : (१) श्री ५ को सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मुनिका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९४. बरबुझारथ गर्नुपर्ने : कुनै पनि कर्मचारीले आफूले बुझाउनु पर्ने नगद, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

९५. नियम बनाउने अधिकारी : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९६. खारेजी र बचाउ : (१) निजामती सेवा ऐन, २०४९ को दफा ३ को खण्ड (ञ) झिकिएकोछ।

(२) निजामती सेवा ऐन, २०४९ र सो ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम नेपाल स्वास्थ्य सेवाका कर्मचारीको सम्बन्धमा गरिएका सबै काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछन्।

लालमोहर सदर मिति:- २०५३।११।१५।४

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

१३२० 



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ३३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**पोखरा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना : उच्च शिक्षामा निजी क्षेत्रको सहभागितामा अधिकाधिक वृद्धि गरी कला, विज्ञान, व्यवस्थापन, कानून, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा गुणात्मक एवं स्तरयुक्त उच्च शिक्षाको**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवसर सबै क्षेत्रका सर्वसाधारणलाई सर्वसुलभ रुपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित तुल्याउन र प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन पोखरा विश्वविद्यालयको स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पोखरा विश्वविद्यालय ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको पोखरा विश्वविद्यालय सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "सेवा आयोग" भन्नाले दफा १४ बमोजिमको सेवा आयोग सम्झनु पर्छ ।

१३२२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "संकाय" भन्नाले दफा १५ बमोजिमको संकाय सम्झनु पर्छ।

(छ) "अनुसन्धान केन्द्र" भन्नाले दफा १६ बमोजिमको अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(ज) "विद्यापरिषद्" भन्नाले दफा १७ बमोजिमको विद्यापरिषद् सम्झनु पर्छ।

(झ) "डीन" भन्नाले संकायको प्रमुखलाई सम्झनु पर्छ।

(ञ) "क्याम्पस" भन्नाले विश्वविद्यालयको आंगिक क्याम्पस सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसलाई समेत जनाउँछ।

(ट) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान कार्यमा संलग्न प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक तथा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा यस ऐन अन्तर्गत बनेको नियममा शिक्षक भनी तोकिएको व्यक्तिलाई समेत जनाउँछ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. <u>विश्वविद्यालयको स्थापना</u> : (१) कला, विज्ञान, कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक र तोकिएका अन्य विषयको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उच्च तहका शिक्षण संस्थाहरुको संचालनको लागि पोखरा विश्वविद्यालयको स्थापना गरिएकोछ ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय कास्की जिल्लामा रहनेछ ।

४. विश्वविद्यालय स्वशासित संगठित संस्था हुने: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजुर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. विश्वविद्यालय संगठन : विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामूहिक रुप नै विश्वविद्यालयको स्वरुप हुनेछ :-

(क) सभा

(ख) प्राज्ञिक परिषद्

(ग) कार्यकारी परिषद्

(घ) सेवा आयोग

(ङ) संकाय

९३२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) विद्यापरिषद्

(छ) अनुसन्धान केन्द्र

(ज) क्याम्पस

(झ) पाठ्यक्रम विकास केन्द्र

(ञ) तोकिएका अन्य निकायहरु ।

६. विश्वविद्यालयका पदाधिकारीहरु : विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् :-

(क) कुलपति

(ख) सहकुलपति

(ग) उपकुलपति

(घ) सेवा आयोगको अध्यक्ष

(ङ) रजिष्ट्रार

(च) डीन

(छ) अनुसन्धान केन्द्रका प्रमुख

(ज) क्याम्पस प्रमुखहरु

(झ) पाठ्यक्रम विकास केन्द्रका प्रमुख

(ञ) तोकिएका अन्य पदाधिकारीहरु ।

७. सभाको गठन : (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कुलपति | - अध्यक्ष |
| (ख) | सहकुलपति | - उपाध्यक्ष |
| (ग) | उपकुलपति | - सदस्य |
| (घ) | संसद सदस्यहरु मध्येबाट तीनजना | - सदस्य |
| (ङ) | अन्य विश्वविद्यालयहरुका उपकुलपतिहरु मध्येबाट दुईजना | - सदस्य |
| (च) | सचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| (छ) | शिक्षाविद्हरु मध्येबाट तीनजना | - सदस्य |
| (ज) | डीनहरु | - सदस्य |
| (झ) | पोखरा नगरपालिकाको प्रमुख समेत रहने गरी नगरपालिकाका प्रमुखहरु मध्येबाट तीनजना | - सदस्य |
| (ञ) | क्याम्पस प्रमुखहरु मध्येबाट चारजना | - सदस्य |
| (ट) | विश्वविद्यालयको विषय समितिका अध्यक्षहरु मध्येबाट तीनजना | - सदस्य |
| (ठ) | प्रतिनिधि, पोखरा विश्वविद्यालय प्राध्यापक संघ | - सदस्य |
| (ड) | शिक्षकहरु मध्येबाट तीनजना | - सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) कास्की जिल्ला विकास समितिको सभापति समेत रहने गरी जिल्ला विकास समितिका सभापतिहरु मध्येबाट तीनजना - सदस्य

(ण) विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य - सदस्य

(त) शिक्षा प्रेमी तथा समाज सेवीहरु मध्येबाट तीनजना - सदस्य

(थ) उद्योगपति, व्यापारी र कृषकहरु मध्येबाट चारजना - सदस्य

(द) चन्दादाताहरु मध्येबाट दुईजना - सदस्य

(ध) उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट दुईजना - सदस्य

(न) क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका सभापतिहरु मध्येबाट दुईजना - सदस्य

(प) रजिष्ट्रार - सदस्य-सचिव

(३) पदेन सदस्यहरु बाहेक सभाका अन्य सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिशमा कुलपतिबाट हुनेछ ।

(४) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(५) कुनै कारणले मनोनीत सदस्यहरुको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रकृया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. सभाको बैठक : (१) सभाको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) सभामा कायम रहेका कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा सभाको उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

१३२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विश्वविद्यालयको विकासको लागि दीर्घकालीन कार्यक्रमहरु तर्जुमा गर्ने तथा त्यस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) विश्वविद्यालयलाई मार्गदर्शन गर्ने,

(घ) विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरुको संचालन र प्रबन्ध गर्ने, गराउने,

(ङ) क्याम्पसहरुको संस्थापन एवं सम्बन्धन बारे आवश्यक प्रबन्ध गर्ने, गराउने,

(च) विश्वविद्यालयबाट प्रदान गरिने विभिन्न उपाधिहरु निर्धारण गर्ने,

(छ) विश्वविद्यालयका आंगिक क्याम्पसहरु तथा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरुलाई निर्देशन दिने र मार्गदर्शन गर्ने,

(ज) विश्वविद्यालयलाई कुनै नयाँ कार्यक्रम संचालन गर्न अनुमति दिने,

(झ) विश्वविद्यालय अन्तर्गतका निकायहरुको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक नीति निर्धारण गर्ने, गराउने,

(ञ) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(ट) विश्वविद्यालय अन्तर्गतका निकायहरुको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने र कार्यक्रमको मूल्यांकन गर्ने,

(ठ) लेखापरीक्षक नियुक्ति गर्ने, लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने र स्वीकृति दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) विश्वविद्यालय सम्बन्धी नियमहरु पारित गर्ने,

(ढ) शैक्षिक तथा प्रशासनिक कामका लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ण) विश्वविद्यालयको आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(त) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

१०. प्राज्ञिक परिषद्को गठन : (१) विश्वविद्यालयका शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यहरुलाई व्यवस्थित गर्ने निकायको रुपमा काम गर्न देहाय बमोजिमको एक प्राज्ञिक परिषद्को गठन हुनेछ :-

(क) उपकुलपति - अध्यक्ष

(ख) रजिष्ट्रार - सदस्य

(ग) डीनहरु - सदस्य

(घ) विश्वविद्यालयका विभिन्न विषय समतिका अध्यक्षहरु मध्येबाट पाँचजना - सदस्य

(ङ) अनुसन्धान केन्द्रका प्रमुख - सदस्य

(च) विश्वविद्यालयका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरु - सदस्य

(छ) क्याम्पस प्रमुखहरु मध्येबाट चारजना - सदस्य

(ज) शिक्षकहरु मध्येबाट दुईजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) शैक्षिक क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका शिक्षाविद्हरु मध्येबाट दुईजना - सदस्य

(ञ) डीनहरु मध्येबाट उपकुलपतिले तोकेको डीन - सदस्य-सचिव

(२) पदेन सदस्य वाहेक अन्य सदस्यहरुको मनोनयन उपकुलपतिको सिफारिशमा कुलपतिबाट हुनेछ ।

(३) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) कुनै कारणले मनोनीत सदस्यहरुको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (२) बमोजिमको प्रकृया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरुको पाठ्यक्रम निर्धारण गर्ने तथा सबै तहका शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यहरुको समीक्षा गर्ने,

(ख) परीक्षाको किसिम तोक्ने,

(ग) विद्यार्थीहरुको भर्ना सम्बन्धी योग्यता र संख्या निर्धारण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने र अनुसन्धान कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ङ) शैक्षिक कार्यक्रमको मूल्यांकन गर्ने,

(च) शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्ने,

(छ) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिने,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१२. कार्यकारी परिषद्को गठन : (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न देहायका सदस्यहरु भएको कार्यकारी परिषद् हुनेछ :-

(क) उपकुलपति - अध्यक्ष

(ख) डीनहरु मध्येबाट एकजना - सदस्य

(ग) सभाका सदस्य रहेका क्याम्पस प्रमुखहरु मध्येबाट एकजना - सदस्य

(घ) सभाका सदस्यहरु मध्येबाट एकजना शिक्षक समेत रहने गरी तीनजना - सदस्य

(ङ) रजिष्ट्रार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका सदस्यहरुको मनोनयन उपकुलपतिको सिफारिशमा कुलपतिबाट हुनेछ ।

१३३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि उपदफा (२) बमोजिमको प्रकृया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,

(ग) विश्वविद्यालयको कोष तथा चल अचल सम्पत्तिको संचालन, रेखदेख र संरक्षण गर्ने,

(घ) सभाको नीति निर्देशनको अधीनमा रही विश्वविद्यालयको चल अचल सम्पत्ति बेचबिखन गर्ने, ठेक्का पट्टामा दिने आदि काम गर्ने,

(ङ) विश्वविद्यालयद्वारा संचालित कार्यक्रमहरुको समन्वय, रेखदेख, निरीक्षण गर्ने र सो को प्रतिवेदन सभामा पेश गर्ने,

(च) विश्वविद्यालय सम्बन्धी नियमहरुको मसौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

१३३३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) सेवा आयोगको सिफारिशमा विश्वविद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीहरु नियुक्ति र बढुवा गर्ने,

(ज) विश्वविद्यालयलाई प्राप्त दान, दातव्य, आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(झ) विद्यार्थी शुल्क निर्धारण गर्ने,

(ञ) तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

१४. सेवा आयोग : (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्न देहाय बमोजिमको एक सेवा आयोग हुनेछ :-

(क) कुलपतिबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) सदस्य, लोक सेवा आयोग - सदस्य

(ग) प्राध्यापकहरु मध्येबाट एकजना - सदस्य

(२) उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका अध्यक्ष र सदस्यको नियुक्ति कार्यकारी परिषद्को सिफारिशमा कुलपतिबाट हुनेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि सेवा आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) सेवा आयोगले शिक्षकको नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्दा प्राज्ञिक क्षमता र अनुभवलाई र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्दा प्रशासनिक दक्षता र अनुभवलाई मुख्य आधार बनाउनेछ ।

९३२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) सेवा आयोगको अध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) सेवा आयोगको अध्यक्षको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ ।

१५. <u>संकाय</u> : (१) विश्वविद्यालयबाट संचालन गरिने उच्च शिक्षाको लागि तोकिएका विषयमा तोकिए बमोजिमका संकायहरु रहने छन् ।

(२) उपदफा (१) बमोजिम रहने संकायको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. <u>अनुसन्धान केन्द्रको स्थापना</u> : (१) विश्वविद्यालयले शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान सम्बन्धी कार्य गर्नको लागि विभिन्न अनुसन्धान केन्द्रहरु स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने अनुसन्धान केन्द्रहरुको काम, कर्तव्य र अधिकार तथा संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. <u>विद्यापरिषद्को गठन</u> : (१) प्रत्येक संकायमा शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरुको संचालनको लागि तोकिए बमोजिम एक विद्यापरिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यापरिषद् अन्तर्गत तोकिए बमोजिमका विषय समितिहरु रहनेछन् ।

(३) विद्यापरिषद् र सो अन्तर्गत रहने समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. क्याम्पसहरुको स्थापना र संचालन : (१) विश्वविद्यालयले श्री ५ को सरकारको राष्ट्रिय शिक्षा नीतिको परिधि भित्र रही विभिन्न विषयमा उच्च शिक्षा प्रदान गर्नको लागि क्याम्पसहरुको स्थापना तथा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित क्याम्पसहरुको संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. पाठ्यक्रम विकास केन्द्रको स्थापना : (१) पाठ्यक्रमको निर्धारण तथा विकासको लागि तोकिए बमोजिम पाठ्यक्रम विकास केन्द्रको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने पाठ्यक्रम विकास केन्द्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. विश्वविद्यालयसंग सम्बन्धन गर्न सक्ने : (१) निजी क्षेत्रका कुनै क्याम्पसले विश्वविद्यालयसंग सम्बन्धन प्राप्त गरी संचालन हुन चाहेमा विश्वविद्यालयले त्यस्ता क्याम्पसलाई सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धन प्राप्त क्याम्पसले विश्वविद्यालयले तोकेको शर्तहरुको पालना गर्नु पर्नेछ ।

२१. अन्य विश्वविद्यालयको आंगिक क्याम्पस संचालन गर्ने सम्बन्धी विशेष व्यवस्था : (१) अन्य विश्वविद्यालयको कुनै आंगिक क्याम्पसलाई विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा संचालन गर्न आवश्यक भएमा श्री ५ को सरकारले सम्बन्धित विश्वविद्यालयका उपकुलपतिहरु र सो क्याम्पसको क्याम्पस प्रमुख रहेको एक समिति गठन गर्नेछ र सो समितिले त्यस्तो क्याम्पसलाई विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा संचालन गर्ने निर्णय गरेमा विश्वविद्यालयले सो क्याम्पसलाई आंगिक क्याम्पसको रुपमा संचालन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम कुनै क्याम्पस विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा संचालन हुने भएमा सो क्याम्पसको हकभोगमा रहेको चल अचल सम्पत्ति तथा दायित्व समेत विश्वविद्यालय अन्तर्गतको सोही क्याम्पसमा सर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै क्याम्पस विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा संचालन हुने भएमा सो क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले चाहेमा निजहरु समेत विश्वविद्यालयको आंगिक क्याम्पसको शिक्षक तथा कर्मचारीको रुपमा बहाल रहन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम कुनै शिक्षक तथा कर्मचारी विश्वविद्यालयको आंगिक क्याम्पसमा बहाल रहेमा निजहरुलाई मर्का पर्ने गरी साबिकको तलब, सुविधा तथा सेवा शर्तमा कुनै परिवर्तन गरिने छैन ।

२२. कुलपति : (१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ र निज उपस्थित रहेको अवस्थामा निजले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षको आसन ग्रहण गर्नेछ ।

(३) कुलपतिलाई विश्वविद्यालय वा विश्वविद्यालयसंग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण वा जाँचबुझ गर्ने गराउने अधिकार हुनेछ ।

२३. सहकुलपति :(१) शिक्षा मन्त्री वा राज्य मन्त्री विश्वविद्यालयको सहकुलपति हुनेछ ।

(२) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ ।

१३३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सहकुलपतिले आवश्यकताअनुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ ।

२४. उपकुलपति : (१) उपकुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उपकुलपति पदमा नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुई जना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट उपकुलपतिको नियुक्ति हुनेछ ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ ।

(४) उपकुलपतिको अनुपस्थितिमा निजको काम कुलपतिबाट व्यवस्था भए बमोजिम हुनेछ ।

(५) उपकुलपतिको पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२५. उपकुलपतिको काम, कर्तव्य र अधिकार : (१) उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको सबै काम कारबाही उपर आवश्यक निर्देशन दिने र रेखदेख गर्ने ।

(ख) सभामा पेश हुने सबै विषय सम्बन्धी प्रस्तावहरु पेश गर्ने तथा पेश गर्न लगाउने ।

(ग) कुलपति र सहकुलपति दुवैको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्ने ।

१३३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विश्वविद्यालयको विकासको लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरु तय गर्ने, गराउने ।

(ङ) विश्वविद्यालयको तर्फबाट विभिन्न निकायहरुसंग छलफल, वार्ता आदि गर्ने ।

(च) विश्वविद्यालयको स्वीकृत नीतिभित्र रही विभिन्न योजना तथा कार्यक्रम तर्जुमा गरी सभा समक्ष पेश गर्ने ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरु बाहेक अन्य कामहरु उपकुलपतिले गर्नेछ । त्यस्तो कामको जानकारी उपकुलपतिले तुरुन्त कुलपतिलाई गराउनु पर्नेछ र लगत्तै बस्ने सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. रजिष्ट्रार : (१) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(२) रजिष्ट्रारको नियुक्ति उपकुलपतिको सिफारिशमा कुलपतिबाट हुनेछ ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

(४) विश्वविद्यालयको शैक्षिक, आर्थिक र कर्मचारी प्रशासन रजिष्ट्रारको सामान्य रेखदेखमा रहनेछ ।

(५) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) रजिष्ट्रारको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२७. डीन : (१) डीन संकायमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) डीनको नियुक्ति कार्यकारी परिषद्बाट हुनेछ ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ ।

(४) डीनको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) डीनको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२८. विश्वविद्यालयका अन्य पदाधिकारीहरु : (१) विश्वविद्यालयमा क्याम्पस प्रमुख तथा पाठ्यक्रम विकास केन्द्रका प्रमुख लगायत तोकिए बमोजिमका अन्य पदाधिकारीहरु रहनेछन् ।

(२) क्याम्पस प्रमुख तथा पाठ्यक्रम विकास केन्द्रका प्रमुख लगायत अन्य पदाधिकारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा, सेवाका अन्य शर्त तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

२९. विश्वविद्यालयको कोष : (१) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा, दान, दातव्य वा आर्थिक सहायता स्वरुप प्रदान गरेको रकम,

१३४०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था, वित्तीय संस्था वा व्यक्तिबाट ऋण एवं सहयोग स्वरुप प्राप्त रकम,

(घ) शुल्क तथा अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि विश्वविद्यालयले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) विश्वविद्यालयको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) विश्वविद्यालयको खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

३०. लेखा र लेखापरीक्षण : (१) विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) विश्वविद्यालयको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

३१. प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्ने : (१) तोकिएको उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी तथा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिम प्रमाणपत्र दिनेछ ।

(२) शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका स्वदेशी तथा विदेशी विद्वानहरुलाई विश्वविद्यालयले मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(३) स्वदेशी तथा विदेशी विशिष्ट नागरिकलाई विश्वविद्यालयले मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाहरुको उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरुसंग ती उपाधिहरुको समकक्षता एवं स्तर निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (२) र (३) अनुसारका उपाधिहरु सभाको स्वीकृतिबाट प्रदान गरिनेछ।

३२. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता : विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता तोकिए बमोजिम हुनेछ।

३३. राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य गर्नु पर्ने : श्री ५ को सरकारको स्वीकृत राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

३४. काम कारबाही बदर नहुने : विश्वविद्यालयको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयन गर्न त्रुटी भएको कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन।

३५. असल नियतले काम गरेकोमा बचाउ : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कुनै कारबाही गरिने छैन।

३६. विश्वविद्यालयलाई छूट र सुविधा : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विश्वविद्यालयको रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) विश्वविद्यालयले प्राप्त गरेको दान, दातव्य, अनुदान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा अन्य आय स्रोत र विश्वविद्यालयको सम्पत्तिमा कुनै किसिमको कर लाग्ने छैन ।

३७. वार्षिक प्रतिवेदन : विश्वविद्यालयको वार्षिक प्रतिवेदन तोकिएको अवधिभित्र सभामा पेश गरिनेछ ।

३८. अधिकार प्रत्यायोजन : (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार विश्वविद्यालयका कुनै पदाधिकारी वा विश्वविद्यालयको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) प्राज्ञिक परिषदले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार विद्यापरिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) सेवा आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. श्री ५ को सरकारसंग सम्पर्क : विश्वविद्यालयले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार, शिक्षा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**४०. <u>विघटन हुँदाको परिणाम</u> : विश्वविद्यालय विघटन भएमा यसको चल अचल जायजेथा श्री ५ को सरकारको हुनेछ ।**

**४१. <u>नियम बनाउने अधिकार</u> : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न सभाले आवश्यक नियमहरु बनाई लागू गर्न सक्नेछ ।**

लालमोहर सदर मितिः- २०५३।११।१५।४

आज्ञाले,
**तीर्थमान शाक्य**
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।